

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १५ औं वार्षिकोत्सव

वर्ष-१५ ।। अङ्क : २ ॥ २०७९ माघ १७ गते मंगलबार (31st Jan 2023 Tuesday) **Pratidin** National Daily dNo-?:%÷-

# बाबुसँग लेनदेन नमिलेपछि हनीट्र्याप गरी राजीवको अपहरण



झापा(प्रस) । झापामा १० दिनअघि अपहरणमा परेका एक युवकको प्रहरीले उद्धार गरेको छ। बिर्तामोड- ३ भगवान चोक निवासी कमल बस्नेतका छोरा २१ वर्षीय राजीव बस्नेतलाई प्रहरीले अपहरणकारीको पन्जाबाट शनिबार साँझ मुक्त गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी रुगमबहादुर कुँवरले जानकारी दिए। उनलाई पूर्वपश्चिम राजमार्गको देउनिया पुलनजिक फेला पारिएको डीएसपी कुँवरले बताए।

राजीव गत माघ ५ गते बिहान इलामको श्रीअन्तु घुम्न भनी घरबाट निस्किएका थिए। प्रदेश १-०१-०१५ प ८०९७ मोटरसाइकल चढेर गएका उनी साँझसम्म नफर्किएपछि परिवारले प्रहरीलाई हुलियासहित उजुरी दिएको थियो।

डीएसपी कुँवरका अनुसार बुद्धशान्ति घर भई हाल भारतको मणिपुरमा बसेर व्यापार गर्ने राजु भनिने राजकुमार भण्डारी नामको व्यक्तिको संलग्नतामा राजीवको अपहरण भएको खुलासा भएको छ। राजीवका बाबु कमल बस्नेत र भण्डारी पहिले व्यापार साझेदार थिए। तर, पछिल्लो समय आर्थिन लेनदेनमा विवाद भएपछि यी दुईबीच मनमुटाव सुरु भएको थियो। उनीहरु सुन व्यापारमा संलग्न रहेको प्रहरीले जनाएको छ।

'पीडितका बाबु र भण्डारी पुराना कारोवारी रहेछन्। व्यापारको कुरामा लेनदेनको समस्या रहेछ, त्यही निहुँमा राजीवलाई अपहरण गरिएको खुलेको छ,' डीएसपी कुँवरले भने, 'बस्नेतले भण्डारीलाई रकम तिर्न बाँकी रहेको र त्यही कारण भाडाका मान्छे परिचालन गरेर छोरालाई उठाइएको पाइयो।'

१० दिनसम्म अज्ञातस्थलमा राखिएका उनलाई प्रहरीले उद्धार गरी परिवारको जिम्मा लगाएको छ। भण्डारीले अपहरण गर्न ९ जना मानिस प्रयोग गरेका थिए। ६ जना नेपालीमध्ये तीनजना युवती छन्। त्यस्तै तीनजना भारतीय रहेका छन्। ती तीनजना युवतीले हनीट्र्याप गरी कक्षा १२ मा पढ्ने राजीवलाई अपहरण गरेका थिए। माघ ४ गते ती युवतीहरुले राजीवसंग घुम्न जाने योजना बनाएका थिए। त्यसपछि भोलिपल्ट ती युवक श्रीअन्तु जान्छु भनी घरबाट हिडेका थिए। उनीहरु सालवारी पनि गएको सिसिटीभीले देखाएको डीएसपी कुँवरले बताए। ती युवकलाई नछोडे आफूहरु नबाँच्ने देखेपछि अपहरणकारीहरु देउनिया पुलमा छोडेर भागेको उनले बताए। 'घटनामा ठूलो मिस्ट्री छ' उनले भने 'हनीट्र्याप, आर्थिक लेनदेन ,अपहरणको केसमा प्रहरीले ठीक ठाउँमा एक्सन लिनसक्दा युवकलाई सकुशल जोगायौं , त्यो ठूलो एचिभमेन्ट हो।' बस्नेत र भण्डारीबीचको लेनदेन विवाद ८-१० वर्ष अगाडिकै हो।

दुवैले भारतको मणिपुरमा संगै व्यापार गरेका थिए। बस्नेतसंग रकम पाउने भन्दै भण्डारीले विप्लव माओवादी पनि लगाएका थिए। बस्नेतले भण्डारीलाई १ करोड भारु बुझाएका थिए। तर, भण्डारीले अझै २० करोड भारु पाउने दावी गर्दै आएका थिए। पैसा नपाइने सोचेर उनले छोरालाई अपहरण गर्न लगाएको डीएसपी कुँवरले बताए। हाल मणिपुरमा रहेका भण्डारी आफै बिर्तामोड आएका थिए। बिर्तामोडको एउटा होटलमा ४-५ दिन बसेर उनले सो अपहरणको योजना बनाएको खुलेको छ।

अपहरणकारीले छोरालाई छुटाउन ४० करोड फिरौती रकम मागे पनि परिवारले भने नदिएको प्रहरीले दाबी गरेको छ। अपहरणकारीहरुले परिवारलाई अपहरित युवकको भिडियोसंगै म्यासेज पनि पठाएका थिए। तर, केही सीप नलागेपछि र प्रहरीले पक्राउ गर्न लागेपछि उनीहरु युवक छोडेर भागेको बताइएको छ। प्रहरीले घटनामा संलग्न एकजनालाई पक्राउ गरिसकेको छ। घटनामा संलग्न ९ जनाविरुद्ध जिल्ला अदालतमा ५ दिन म्याद थप गरी मुद्धा दायर गरिसकेको डीएसपी कुँवरले जानकारी दिए।

# घरेलु मदिरालाई मुद्दाको रुपमा लाने थापाको भनाई



बिराटनगर(प्रस) । प्रदेश नं. १ प्रतिपक्षी दलका नेता तथा सांसद उद्धव थापाले कोदोको रक्सीलाई ब्राण्डिङ गरेर दीगो आय स्रोतको रुपमा लान आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने बताएका छन्।

परम्परागत मदिरा (कोदोको रक्सी) प्रवर्द्धन समिति प्रदेश नं. १ ले सोमवार उनकै कार्यालय बिराटनगरमा स्मरणपत्र बुझाएपछि थापाले यस्तो प्रतिवद्धता व्यक्त गरेका हुन्। प्रवर्द्धन समितिका बुद्धिजीवि देशु वनेमले परम्परागत मदिरा निर्माण गरी ब्राण्डिङ गर्नसके करोडौं रुपैयाँ मदिराका नाममा बाहिर नजाने बताउँदै मदिरा ऐन २०३१ र मदिरासम्बन्धी नियम २०३३ ले परम्परागत घरेलु मदिरा उत्पादनमा अघोषित प्रतिबन्ध लगाएपछि अर्ग्यानिक मदिरा प्रतिबन्ध हुँदा बिदेशी मदिराले स्थान पाएको ध्यानाकर्षण गराए।

विदेशी मदिरा स्वदेशमा भित्रिएपछि नेपालमा कोदो उत्पादनमा ह्रास आएको र कोदो पनि विदेशबाटै किन्नु पर्ने बाध्यता भएको हुँदा अरबौं रुपैयाँ बाहिर गएपछि मुलुकलाई आर्थिक रुपमा असर परेको देखिएकोले घरेलु मदिरालाई प्राथमिकता दिँदै स्वदेशमै कोदो उत्पादनमा ध्यान दिन आग्रह गरेका थिए।

स्मरणपत्र बुझेपछि कांग्रेस संसदीय दलका समेत प्रमुख रहेका सभापति थापाले सदनको पहिलो बैठकमै घरेलु मदिरालाई ब्राण्डिङ गरी आय स्रोतको रुपमा उठाउने प्रतिवद्धता जनाए।

सभापति थापाले प्रदेश नं. १ प्रशस्त आय स्रोतको खानी भएको ठाउँ हो। यसलाई सदुपयोग गर्नसके संघ तथा विदेशी दातृ निकायसँग हात फैलाउने आधारहरु हुने थिएन।त्यसतर्फ आफू केन्द्रीत भएको बताउँदै परम्रागत मदिरालाई पहिलो बैठकमै मुद्दाको रुपमा उठाउने दोहोर्याए।

कार्यक्रममा स्मरणपत्र बुझाएपछि प्रवर्द्धन समितिका अध्यक्ष टेकबहादुर खजुमले विगत २ वर्षदेखि प्रवर्द्धन समितिले १ नं. प्रदेशका ९ वटा जिल्लामा समिति गठन गरिसकेको जानकारी गराउँदै प्रदेश सरकारले मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशन समिति गठन गरेको जानकारी गराएका थिए।

उक्त समितिमा प्रवर्द्धन समितिको तर्फबाट टेक खजुम र सरु सिङ्गक सदस्य रहेको उद्योग मन्त्री सदस्य र उद्योग मन्त्रालयका मुख्य सचिव उच्चस्तरीय निर्देशन समितिको सचिव रहेको समेत जानकारी गराउँदै हाल उक्त समितिलाई चलायमान गराउन पनि सभापति थापालाई आग्रह गरेका थिए।

प्रवर्द्धन समितिका सदस्य सिङ्गकले सञ्चालन गरेको कार्यक्रममा प्रवर्द्धन समिति झापाका अध्यक्ष सर्मिला आङ्दम्बे, सदस्य पदम प्रसाई, कोपिला लावती र अग्नीमाया मेचेलगायतले परम्परागत मदिराका विषयमा आ-आफ्ना राय राखेका थिए।

# बिर्तामोडमा कुष्ठरोगको अवस्था भयावह



झापा(प्रस)। बिर्तामोडमा कुष्ठरोगको अवस्था डरलाग्दो रहेको रोगीहरुको तथ्यांकले देखाएको छ । बिर्तामोडमा हाल २० जना कुष्ठरोगी रहेको पाइएको छ।

तीमध्ये तीनजना बालबालिका रहेका छन्। १८ जना आफै आएको र २ जनालाई खोजेर निकालिएकोमा नगरमा कुष्ठरोगीको संख्या अझ बढ्न सक्ने जनाइएको छ। १० हजार बराबर १ जनाभन्दा कम विरामी हुनुपर्नेमा बिर्तामोडमा प्रति १० हजार २ जनाको हाराहारीमा विरामी रहेको स्वास्थ्य शाखाका दीपक सापकोटाले जानकारी दिए। यो तथ्यांकले बिर्तामोड उच्च जोखिममा रहेको बुझ्नुपर्ने सापकोटाले बताए। चालू आर्थिक वर्षको ६ महिनामा यस नगरभित्र २० जना विरामीले औषधि सेवन गरिरहेका छन्। बिर्तामोड नगर अस्पतालबाट १७, चारपाने स्वास्थ्य चौकीबाट १ र गरामनी स्वास्थ्य चौकीबाट २ जनाले औषधि सेवन गरिरहेको स्वास्थ्य शाखा प्रमुख राजिव विष्टले जानकारी दिए। उनका अनुसार कुष्ठरोगका विरामी खोजी गर्न सबै वडामा माइकिङ गरिएको छ।

झापाको १५ वटा स्थानीय तहमध्ये बिर्तामोड नगरपालिका कुष्ठरोगको उच्च जोखिममा रहेको हो। झापाको बिर्तामोड, दमक र भद्रपुर कुष्ठरोगीको संख्या धेरै भएको पालिकामा पर्दछन्। जिल्लामा कुष्ठरोगीको संख्या १६४ रहेकोमा १२३ जनाले औषधि खाइरहेको तथ्यांक छ।४१ जनाले औषधी पूरा गरिसकेका छन्।

७० औं विश्व कुष्ठरोग दिवसको अवसरमा बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको कार्यक्रममा प्रस्तुत तथ्यांक अनुसार जिल्लाकै उच्च जोखिममा बिर्तामोड देखिएको छ।

नगरले जनप्रतिनिधिहरुका लागि कुष्ठरोगसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। अन्तरक्रियामा कुष्ठरोगबाट हुने असर र उपचारका बारेमा जानकारी दिइएको थियो। कुष्ठरोग पहिचान भएमा समयमै उपचार गर्दा निको हुने र अंगभंगबाट सुरक्षित हुने नेपाल कुष्ठरोग संगतिका झापा संयोजक पर्शुराम पोखरेलले जानकारी दिए। उनले अन्तरक्रियामा सहजीकरण गर्दै उपचारमा आवश्यक सहयोग गर्ने बताए।

समयमा उपचार नगर्दा अंगभंग हुने, सामाजिक रुपमा दुर्व्यवहार व्यहोर्नुपर्ने लगायतका समस्या हुने उनले बताएका छन्।सोही संस्थाको तर्फबाट निर्देशक एन्डु सिथलिङले पनि सहजीकरण गरेका थिए।

कार्यक्रममा नगर प्रमुख पवित्रा महतारा प्रसाईले कुष्ठरोगमा हेलचेक्र्याई नगर्न आग्रह गरिन्। उनले शुरुवातमा हेर्दा सामान्य देखिने भए पनि विस्तारै गम्भीर समस्या हुने बताइन्। कार्यक्रममा नगर उपप्रमुख नगेन्द्र संग्रौलासहितका जनप्रतिनिधि, शिक्षा शाखा प्रमुख तिलचन भण्डारीलगायतको सहभागिता रहेको थियो। स्वास्थ्य शाखा प्रमुख राजिव विष्टले स्वागत गरेको कार्यक्रमको संचालन सिनियर अहेव दीपक सापकोटाले गरेका थिए।

# बुद्धशान्ति-१ द्वारा तीन ठाउँमा फलैचा निर्माण



बुद्धशान्ति(प्रस) । झापाको बुद्धशान्ति गाउँपालिका वडा नम्बर १ ले वडाका तीन ठाउँमा फलैचा निर्माण गरेको छ।

विकास क्रममा रहेका ठाउँहरू छनौट गरी व्यवसायिक ठाउँको विस्तार गर्न, चोक क्षेत्रका नागरिक भेला भएर भलाकुसारी गर्न, विश्रामालय तथा प्रतिक्षालयको रूपमा प्रयोग हुनेगरी फलैचा निर्माण गरिएको वडा अध्यक्ष अनिल वाग्लेले बताए। ३ लाख रूपैयाँको बजेटमा वडाको शान्ति चोक, होक्से चोक र मगर चोकमा फलैचा निर्माण गरिएको हो।फलैचा निर्माण गरिएको क्षेत्र आसपासमा सटर निर्माण गरी व्यवसायिक कारोवार गर्न सकिनेगरी वडाले ती ठाउँमा फलैचा बनाएको जनाएको छ। वडाले हरेक बर्ष फलैचा निर्माण गर्ने योजना बनाएको छ।






# चोरीका मोटरसाइकलसहित चारजना पक्राउ

झापा(प्रस) । इलाम प्रहरीले चोरीका मोटरसाइकलसहित चारजनालाई पक्राउ गरेको छ । गत माघ ९ गते इलाम देउमाई नगरपालिका वडा नं ९ नवमी बजारमा प्रहरी चौकी जितपुरबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले प्रदेश नं. १-०१-०१५ प ९६८२ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा उक्त मोटरसाईकलको कागजपत्र नभएकोले चालक इलाम देउमाई नगरपालिका १ चमैता बस्ने २० वर्षिय छिरिङ तामाङलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय इलाममा राखी अनुसन्धान भईरहेको छ । सो मोटरसाईकल माघ ८ गते हराएको भनी सम्बन्धित मोटरसाईकल धनीले प्रहरी चौकी दानाबारीमा निबेदन दिएका थिए ।



त्यस्तै माघ १२ गते इलाम फाकफोकथुम गाउँपालिका ५ देउरालीमा प्रहरी चौकी एकतप्पाबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले चेकिङको क्रममा को ६ प ७७७४ नम्बरको मोटरसाईकल चोरी गरी लैजादै गरेको अवस्थामा पक्राउ गरेको छ । पक्राउ पर्नेमा ताप्लेजुङ मिकुवाखोला गाउँपालिका वडा नं. ४ बस्ने २४ वर्षिय अपिल लिम्बू र सोही स्थान बस्ने २३ वर्षिय बुद्धवीर लिम्बू रहेका छन् ।सो मोटरसाईकल माघ १० गते हराएको भनी सम्बन्धित मोटरसाईकल धनीले निवेदन दिएका थिए ।

त्यस्तै माघ १३ गते इलाम माई नगरपालिका २ कबैधापमा प्रहरी चौकी दानावारीबाट प्रहरी नायव निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बिर्तामोड झापाबाट चोरी गरी इलामतर्फ लाँदै गरेको को २३ प ८१२३ नम्बरको २२० पल्सर मोटरसाईकल र मे ११ प ४३९१ नम्बरको अर्को पल्सर मोटरसाईकलसहित मोटरसाईकल चोरीमा संलग्न धनकुटा सागुरिगढी गाउँपालिका ५ घर भई हाल झापा कन्काई नगरपालिका २ बस्ने १५ वर्षिय सुशिल राई समेतलाई नियन्त्रणमा लिइ आवश्यक कारबाहीको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा पठाइएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# ब्राउनसुगरसहित बिर्तामोडमा दुई भारतीय पक्राउ



झापा, माघ १६ । झापाको बिर्तामोडमा प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित दुई भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा भारत विहार किशनगञ्ज जिल्ला गलगलियाका २५ वर्षीय दिलसाद रहमान र सोही ठाउँका २० वर्षीय सन्वाज खान रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा बिर्तामोड नगरपालिका-५ जात्रुवारीमा आइतबार बेलुका डब्लुबी ७४ बीए ६७७९ भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार उनीहरूलाई चेकजाँच गर्दा ८ ग्राम ५०० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

रहमानले मोटरसाइकल चलाइरहेका थिए भने खान पछाडि सवार थिए । उनीहरू भद्रपुर नाकाबाट ब्राउनसुगर बोकेर बिर्तामोड आएका थिए । पक्राउ परेका दुवै जनालाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


## विमालेख हरायो

उर्लावारीदेखि पथरी बजार जाने क्रममा २०७८/१०/२ गते L.I.C. कम्पनीको पोलिसी नं. २०००२६२९३ भएको विमालेख हराएको हुँदा भेट्नुहुने महानुभावले तलको सम्पर्क नम्वर वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहोला ।

नाम :- शैलेन्द्रबहादुर धिमाल
ठेगाना :- उर्लावारी -२, मोरङ
मोवाईल नं. ९८१६०५५८५९

## अधिकारीको नाममा जारी गरिएको १५ दिने सूचना

झापा जिल्ला साबिक अनारमनी ३ हाल बिर्तामोड ५ मा पर्ने कित्ता.नं ८० को ज.बि.२६३.५० क्षेत्रफलमा रहेको तीन तले घरको दोस्रो तलामा १ कोठामा मिति २०७९ साउनदेखि भोजपुर जिल्ला निवासी दिनेश अधिकारीले मासिक भाडा रु.३००० को दरले बस्दै आएकोमा मिति २०७९/०६/०९ गतेदेखि कोठाभाडा नतिरी सम्पर्कबिहिन हुनुभएको हँदा घरधनीले २०७९/१०/१० गते उक्त बन्द कोठा खुलाई पाउँ भनी यस वडा कार्यालयमा निवेदन दर्ता गरे बमोजिम तपाई दिनेश अधिकारीको नाममा १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त कोठा के कति कारणबाट बन्द गरिएको हो , बाटोको म्याद बाहेक १५ दिन भित्रमा लिखित जवाफ दिनु हुन जानकारी गराईन्छ । अन्यथा कानून बमोजिम कोठा खाली गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय झापा

## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)

### मिति २०७९ कार्तिक १ गतेदेखि २०७९ पौष मसान्तसम्मको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| क्र.स. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम कारोवार गर्ने गरी नेपाल राष्ट्र वैंकबाट इजाजतपत्रप्राप्त प्रदेश नं. १ कार्यक्षेत्र भएको "ख" वर्गको विकास वैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करार समेत गरी जम्मा कर्मचारी संख्या २७९ रहेको र बैंकले तोकेको कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरुमार्फत सम्पादन भइरहेको छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गको विकास वैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण वैंकको वेभसाईट www.edb.com.np मा उपलव्ध छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर सम्बन्धमा विकास वैंकले विनियममा उल्लेख भए अनुसार तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे वमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा विकास वैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेल<br>एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड, केन्द्रीय कार्यालय, विर्तामोड, झापा ।<br>फोन नं. ०२३ ५४४०१० |
| ९ | सम्पादन गरेको कामको विवरण | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गका विकास वैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादन भईरहेको छ । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारी : श्याम वहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख : डा. ईन्द्रकुमार कट्टेल (प्रमुख कार्यकारी अधिकृत) |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमको नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्ग कार्यको लागि प्रमुख रुपमा रहेका छन ।<br>(१) वेंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र वैंक ऐन, २०५८<br>(३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३<br>(५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>(७) धितोपत्र सम्बन्धी ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३<br>(९) मुलुकी देवानी संहिता, २०७४ (१०) विनिमय अधिकारपत्र ऐन, २०३४<br>(११) विदेशी विनिमय(नियमित गर्ने) ऐन, २०१९<br>(१२) आयकर ऐन, २०५८ (१३) धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३<br>(१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु<br>(१५) नेपाल राष्ट्र वैंकबाट विभिन्न समयमा जारी गरिएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु<br>(१६) बैंकले तयार गरी जारी गरेका नीति, निर्देशिका, कार्यविधि तथा विनियमहरु |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत ती विवरणहरु राखिएको छ । |
| १३ | तोकिए वमोजिमका अन्य विवरण | बैंकले आवश्यकता वमोजिमका विवरणहरु नियमित रुपमा सम्वन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको । |
| १४ | अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | यस वैंकले वैकिं कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । |
| १५ | सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण | यस वैंकको वेभसाईट www.edb.com.np हो । |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | बैंकले त्रैमासिक रुपमा आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको र वैंकको वेभसाईटमा पनि उपलव्ध गराईएको छ । |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | यस अवधिमा कुनै सूचना माग सम्बन्धी निवेदन प्राप्त नभएको । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत राखिएको छ । साथै वैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरी वेभसाईटमा समेत राखिएको छ । |
| २१ | सूचना तथा गुनासो सुनुवाई डेस्क | बैंकको केन्द्रीय कार्यालयमा सूचना अधिकारी/मानव संशाधन विभाग प्रमुखको संयोजकत्वमा सूचना तथा गुनासो सुनुवाई डेस्क रहेको । |


## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , मःम , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२

Free WiFi


## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

### इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौर्दयतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:-
१. आफ्नो केवलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्वन्धित पक्षसंग सम्झौता गरि पेश गर्ने ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निरन्तर सहयोगको अपेक्षा

**नवसंचार गृह प्रालिद्वारा बिर्तामोडबाट नियमित रुपमा प्रकाशन हुँदै आएको प्रतिदिन राष्ट्रिय दैनिक माघ १६ गतेदेखि १४ वर्ष पूरा गरी १५ औं वर्षमा प्रवेश गरेको सहर्ष जानकारी गराउन चाहन्छौं। पूर्वी नेपालमा प्रदेशस्तरकै पत्रिका प्रकाशन गरी आम पाठकहरुलाई सुसूचित गर्ने उद्धेश्यले स्थापित यस दैनिक आफ्नो उद्धेश्यमा केही हदसम्म सफल पनि भएको छ। यसले झापा जिल्लाका विभिन्न क्षेत्रसंगै मोरङसम्म आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ। अर्को महत्वपूर्ण कुरा कोरोना महामारीका कारण संचार क्षेत्र तहसनहस भएको छ। धेरै मिडिया बन्द भएका छन्। जिल्लाकै धेरै पत्रिका बन्द भइरहँदा यस प्रतिदिन दैनिकले असहज परिस्थितिका बावजुद आफ्नो प्रकाशनलाई निरन्तरता दिंदै आएको छ। प्रतिकुलतालाई अनुकुल बनाउँदै प्रतिदिन दैनिक पत्रिका र प्रतिदिनडेली डटकम अनलाइनमार्फत पाठकहरुलाई पलपलको समाचार र सूचना प्रवाह गर्दै आएको छ।**

**अरुको समाचार कपी गरेर पत्रिका र अनलाइन चलाउने पत्रकारहरुको बढ्दो प्रवृतिलाई चिर्दै यस पत्रिकाले स्थानीय क्षेत्रमा खोजी गरी आफ्नै मौलिक समाचार पस्किने गरेकाले धेरैको मन जित्न सफल भएको हो। स्थानीय समाचारलाई मुख्य प्राथमिकता दिएकै कारण प्रतिदिन दैनिक र यसको अनलाइन लोकप्रिय रहेको छ। स्थानीय विषयवस्तुलाई प्रतिदिन दैनिकले राष्ट्रिय महत्वको बनाउने गरेको छ। कुनै पनि राजनीतिक दल र तिनका नेताको चाकडी गरेर झोले पत्रकारिता हामीले गरेका छैनौं। पेशागत र व्यवसायिक धर्मलाई आत्मसात् गरी आवाजविहीन भुइँमान्छेको आवाज बनिदिने प्रयास गरिरहेका छौं। हामीलाई ठूलो हुनुपरेको छैन,हामी सामान्य बनेर सबैको मनमनमा बस्न चाहन्छौं। नेता पत्रकारिता गर्ने , सेन्डिकेट चलाउने , ब्लाकमेल गर्नेजस्ता गलत प्रवृतिलाई हामी निरुत्साहित गर्न चाहन्छौं। सत्य तथ्य भएको प्रमाण प्राप्त भए हामी कसैको बारेमा पनि समाचार लेख्न पछि हट्नेवाला छैनौं। निडर र अडिग भएर सँधै कलम चलाइरहने छौं। अन्त्यमा, विभिन्न उतारचढाव बेहोर्दै पत्रिकालाई यहाँसम्म ल्याइपुऱ्याउने आम पाठक, विज्ञापनदाता ,पत्रिकाका संचालक , व्यवस्थापन पक्ष , वितरक , शुभेच्छुक सबैलाई धन्यवाद दिदैं आगामी दिनमा समेत निरन्तर र भरमग्दूर सहयोगको अपेक्षा गर्दछौं।**

Pratidin National Daily
प्रतिदिन PRATIDIN NATIONAL DAILY

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पहरेदार बन्न सकौं



• **युवराज कट्टेल**

नेपाली भाषाको पहिलो पत्रिका छिमेकी मित्र राष्ट्र भारतमा मोतीराम भट्ट र रामकृष्ण वर्माले मिलेर गोर्खा भारत जीवन प्रकाशित गरेको पाईन्छ। नेपालमा पहिलो पटक वि.स.१९५५ साउनमा सुधासागर साहित्यिक पत्रिकाबाट नेपालको आमसंचार र पत्रकारिताको इतिहास सुरु भएको थियो। नेपालको सबैभन्दा पुरानो दैनिक पत्रिका गोरखापत्रको प्रकाशन सुरु भएपछि यसले नयाँ मोड लिएको थियो। राणा प्रधानमन्त्री देव शम्शेरले वि.स.१९५८ वैशाख २४ गते गोरखापत्र प्रकाशन सुरु गरेका थिए। त्यसैले वैशाख २४ गतेलाई नेपालमा पत्रकारिता दिवसको रुपमा मनाईन्छ। क्रमिक विकासको क्रममा नेपालमा प्रजातन्त्रको आगमनसँगै वि.स.२००७ फाल्गुण ८ गते निजी क्षेत्रबाट नेपालको पहिलो दैनिक पत्रिका “आवाज” प्रकाशित भएसँगै नेपालको पत्रकारिताको इतिहासले एउटा मोडमा प्रवेश गरेको देखिन्छ। आजसम्म आईपुग्दा हजारौं दैनिक पत्रिकाहरुले देशका विभिन्न ठाउँहरुबाट प्रकाशित भएर आम जनतालाई सूचना तथा सञ्चार पुऱ्याउने महत्वपूर्ण योगदान पुऱ्याईरहेका छन्।

आजको युग भनेको सूचना तथा सञ्चारको प्रविधि युग हो। सञ्चार क्षेत्रमा आएको परिवर्तनले चेतनाका साथै समग्र मानवीय जीवनमा नै धेरै उथलपुथल ल्याएको छ।यसबाट पत्रकारिता पनि अछुतो रहन सक्ने कुरै भएन। त्यसैले आजको पत्रकारिता दिनप्रतिदिन नयाँ -नयाँ सूचना प्रविधिको प्रयोगसँगै विकसित हुँदै गएको छ।

पत्रपत्रिकाहरूले विश्वको कुनै एक कुनामा घटेको नयाँ-नयाँ घटनाको विवरण विश्वभरि नै फिँजाउने काम गर्छन्। पत्रपत्रिकाले विभिन्न सामग्रीहरू छापेर देश विकासको कार्यमा ठूलो टेवा पुऱ्याएका हुन्छन्। अहिलेको युगमा पत्रपत्रिकाबिना व्यक्ति, समाज तथा राष्ट्रको उन्नति हुन सक्दैन। आधुनिक युगमा पत्रपत्रिकाले खेल्ने भूमिका ज्यादै प्रभावकारी देखिन्छ। अहिले पत्रपत्रिकाबिना कुनै पनि क्षेत्रको विकास हुन सम्भव छैन। त्यसैले हरेक क्षेत्रको विकासका लागि मानिसले पत्रपत्रिका नपढी हुँदैन। पत्रपत्रिकाहरू मानिसका लागि ज्ञान आर्जन गर्ने भरपर्दो स्रोत पनि हुन्। कुनै समयमा पत्रपत्रिका नपढ्ने मानिस देश विदेशमा भइरहेका गतिविधिबारे अनभिज्ञ नै रहन्थ्यो। त्यसैले पत्रपत्रिकाहरू पढ्नु मानिसको राम्रो बानी हो।

पत्रपत्रिका भनेका विविध सामग्रीले भरिएका पोका हुन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका हरेक पक्षलाई यिनीहरूले समेटेका हुन्छन्। पत्रपत्रिकामा देश-विदेशका राजनीतिक गतिविधि, खेलकुद, आर्थिक गतिविधि, कृषि र उद्योग-व्यवसाय तथा व्यापार, धर्म-संस्कृति, इतिहास आदि हरेक विषयलाई समेट्ने खालका सामग्रीहरू छापिएका हुन्छन्। यी विभिन्न विषयमा जानकारी हासिल गरेर हरेक क्षेत्रमा अघि बढ्न सजिलो हुने भएकाले आधुनिक युगमा पत्रपत्रिकाको ठूलो योगदान रहेको छ। अहिलेको युग भनेको प्रतिस्पर्धाको युग हो। आज विश्वमै औद्योगिक विकासको गति तीव्र रूपमा बढिरहेको छ। विभिन्न उद्योगहरूले आफ्ना उत्पादनहरू बजारमा ल्याइरहेका छन्। विज्ञापन वा प्रचार-प्रसार नभई कुनै पनि वस्तुले बजार पाउन सक्दैन। त्यसैले औद्योगिक उत्पादनहरूको प्रचार-प्रसार गर्नुपर्छ। यसरी प्रचार-प्रसार गर्नका लागि पत्रपत्रिकाकै आवश्यकता पर्छ।

हाम्रो देशमा विभिन्न किसिमका पत्रपत्रिकाहरू प्रकाशित हुन्छन्। काठमाडौंबाट दैनिक रूपमा प्रकाशित हुने राष्ट्रिय स्तरका पत्रिकाहरूमा गोरखापत्र, कान्तिपुर दैनिक, कारोबार दैनिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका आदि प्रमुख पत्रिकाहरू छन्। मोफसलमा रहि झापाबाट प्रकाशित हुने प्रतिदिन दैनिक,पूर्वाञ्चल ,जनआन्दोलन आदि पत्रिकाहरु रहेका छन्। झापाबाट प्रकाशित हुने प्रतिदिन दैनिकको १५ औं वार्षिक उत्सवको अवसरमा यसका पाठक तथा प्रकाशक सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। समाजमा भएका विकृति र विसंगतिहरु उजागर गरी सत्य तथ्य सूचना सुचित गर्न महत्वपूर्ण भूमिका निर्वाहमा सदैव सफलता मिलोस् भन्ने शुभेच्छा समेत व्यक्त गर्दछु। समाजमा भएका समस्याहरु उजागर मात्रै होइन, उचित टुङ्गोमा पुऱ्याउने गरी नै प्रयत्न र कोसिस रहनुपर्छ।

समाजमा आवाजविहीनहरुको आवाज बन्दै सत्य र न्यायको पक्षमा आफूलाई निर्भिक भई प्रस्तुत गर्दै उभिनलाई निकै चुनौतीपूर्ण कार्य हो। २०६२/०६३ सालको जनआन्दोलनको सफलतापछि दुई-दुई पटक संविधानसभा निर्वाचनबाट प्राप्त भएको यो संविधान रक्षाको निम्ति कलमजीवीहरुले सशक्त रुपले उभिनु आजको वर्तमान आवश्यकता हो। राज्यको चौथो अङ्गको रुपमा संचार क्षेत्रले लोकतान्त्रिक व्यवस्थाको पहरेदार बन्नु सक्नु पर्दछ। हरेक संघसंस्थाहरुभित्रको लोकतान्त्रिक चरित्रहरुद्वारा क्रमशः लोकतान्त्रिक व्यवस्था मजबुत र व्यवस्थित बन्न सक्दछ।(लेखक कट्टेल नेपाल शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष हुन्)

# निडरताका साथ कलम चलिरहोस्



• **रुपा राजवंशी**

१४ औं बसन्त पार गरी १५ औं वार्षिक उत्सव मनाइरहेको प्रतिदिन राष्ट्रिय दैनिक प्रकाशनलाई आगामी दिनमा अझ जनमुखी , जनप्रिय एवम उत्कृष्ट बनोस् भने शुभकामना दिन चाहन्छु। झापा जिल्लाको बिर्तामोडमा यसको मुख्य कार्यालय रहेको प्रतिदिन दैनिक जिल्लाभरि नै लोकप्रियता कमाएर चर्चित पत्रिका बन्न पुगेको छ। यस अखबारका सम्पादक इन्द्रसिंह राजवंशी हुनुहुन्छ, जसले सामाजिक, आर्थिक, राजनीतिक जुनसुकै विधामा, जस्तोसुकै परिस्थितिमा पनि निडरताका साथ कलम चलाएर यस अखवारलाई निरन्तरता दिनु भएकोमा उहाँप्रति गौरवान्वित छु। यस अखवारले समाज परिवर्तन र रूपान्तरणको लागि उल्लेखनीय भूमिका खेल्दै आएको छ। यसले साहित्यकार, लेखक, धेरै पत्रकार समेत जन्माएको छ। हामीजस्तो लेखक बन्न चाहनेलाई हौसला र प्रोत्साहन मिलिराखेको छ भने लेखक र पाठकको मन जित्न सफल भएको छ।

पत्रकारिता पेशा मर्यादित र अनुशासित भएकोले समाजमा सही सूचना दिने गर्छ। यो पेशा आफ्नो लागि नभएर अरुको लागि हो।

पत्रकारिता ती वस्तुहरुको उत्पादन र वितरण हो, जसमा कुनै व्यक्ति विशेष, समाज र राष्ट्रका विभिन्न आयामहरुको अवस्थाको जानकारी हुन्छ। कुनै पनि क्षेत्र योबिना पूर्ण हुन सक्दैन। यसले आम जनतालाई सूचना प्रदान गर्नुका साथै खबरदारीका लागि अपिल गरिरहेको हुन्छ। अन्त्यमा, नेपालको पत्रकारिता जगतमा यस प्रतिदिन राष्ट्रिय दैनिक पत्रिकाले उच्च स्थान हासिल गर्न सफल र सक्षम रहोस् अझ उन्नति र प्रगतिको हार्दिक शुभकामना।
(लेखिका राजवंशी प्रतिदिन दैनिकका स्तम्भकार हुन्।)

# विदेशमा पढाइ मोह



• **कृष्ण सेडाई**



विगत दुई/तीन दशकदेखि नेपालबाट विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको संख्या अत्यधिक बढेको छ। गत पाँच महिनाको तथ्यांक हेर्दा विदेशमा पढ्न जाने विद्यार्थीले २९ अर्ब नेपाली रुपियाँ बराबरको विदेशी मुद्रा सटही गरेको तथ्यांक नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको छ। पछिल्लो कोभिडको लहरभन्दा पहिलो आ.व २०७७/७८ को जेठसम्ममा तीन वर्षको तथ्यांक लिने हो भने ७३ अर्ब रुपियाँ बराबरको विदेशी मुद्रा सटही भएको थियो। तर अहिले हरेक वर्ष विदेशी मुद्रा सटही र विदेश जाने विद्यार्थीको संख्या दिन प्रतिदिन बढिरहेको छ। यति ठूलो संख्यामा नेपाली विद्यार्थीहरू विदेशमा अध्ययन गर्न किन जाँदैछन् भन्ने विषय अत्यन्त चासोको विषय बनेको छ। नेपालमा पर्याप्त कलेज र विश्वविद्यालय हुँदा हुँदै प्रत्येक वर्ष यति ठूलो संख्यामा नेपालीहरू विदेशमा अध्ययन गर्न जानको लागि एनओसी (नो अब्जेक्सन सर्टिफिकेट) का लागि आवेदन दिने गरेका छन्। उनीहरू नेपालमा बस्न किन चाहँदैनन् ? भन्ने कुरा महत्वपूर्ण प्रश्न बनिरहेको छ।

नेपालको जनसंख्या २०७८ को जनगणनाअनुसार करिब तीन करोडको हाराहारीमा छ। नेपालका विद्यालय र विश्वविद्यालयबाट अध्ययन गरी नेपालको श्रमबजारमा रोजगारीका लागि आउनेको संख्या हरेक वर्ष करिब तीनदेखि चार लाखसम्म छ। तर अशिक्षित र अर्धशिक्षित बेरोजगारसहितको संख्या जोड्ने हो भने हरेक वर्ष नेपालको श्रमबजारमा रोजगारीको लागि आउनेको संख्या करिब पाँच लाख छ। नेपालबाट अध्ययन अनुमति लिएर विभिन्न मुलुकमा गएका तथा रोजगारीको क्रममा रोजगार अनुमति लिएर अरबलगायतका मुलुकमा गएका नेपालीको सङ्ख्या ७० लाख देखि ७५ लाख रहेको कुरा विभिन्न तथ्यांकले देखाएका छन्। नेपालको जनगणनाअनुसार जनसंख्याको उमेर समूह हेर्ने हो भने १६ देखि ४० वर्ष समूहको जनसंख्यालाई नेपालमा युवा जनसंख्या मानिएको छ। यो संख्या सम्पूर्ण जनसंख्याको ४०.३ प्रतिशत अर्थात् करिब एक करोड बाइस लाखभन्दा बढी छ। यो जनसंख्या नेपालको जनसंख्याको १० जना बराबर चार रहेको छ। अहिले सबैभन्दा बढी यहि उमेर समूहका मानिसहरू विदेशमा अध्ययन र रोजगारीका लागि जाने गरेका छन्। नेपालबाट बाहिर जाने धेरैजसो विद्यार्थी कक्षा १२ उत्तीर्ण गरेर नेपालबाट बाहिरिने गरेका छन्। नेपालबाट पढ्न जाने मुलुकमा सबैभन्दा बढी अस्ट्रेलिया, अमेरिका, क्यानाडा रहेका छन्। किन यति ठूलो संख्यामा नेपालबाट बाहिर जानेको लर्को लागिरहेको छ त ? यो प्रश्नले हरेक नेपालीलाई स्वाभाविक रूपमा गम्भीर बनाएको छ।

नेपालबाट विदेशमा पढ्न जानेको संख्या अध्यधिक रूपमा बढ्दै जानुको पछाडि नेपालको शिक्षा अत्यन्त महँगो बन्दै जानु एउटा कारण हो। जसले गर्दा नेपालमा अहिले स्वास्थ्य र शिक्षा सर्वसाधारण मानिसको पहुँचभन्दा बाहिर पुग्न थालेको छ। एकातिर नेपालको शिक्षा अत्यन्त महँगो हुनु अर्कोतर्फ निश्चित लेभलको शिक्षा हासिल गरिसकेपछि रोजगारीका लागि श्रम बजारमा आउँदा रोजगारी पाउने सम्भावना अत्यन्त कठिन बन्दै जानुले पनि युवा पलायनलाई बढाएको छ। शिक्षा महँगो हुनु र महँगो रूपमा शिक्षा हासिल गरे पनि रोजगारी सहज नभएकोले नेपालबाट विद्यार्थी जसरी पनि विदेश जानका लागि लालायित देखिएका छन। नेपाली विद्यार्थीका अभिभावक आफ्ना छोराछोरीलाई विदेश पठाउनका लागि सम्पूर्ण आफ्नो चल/अचल सम्पत्ति र यदि चल अचल सम्पत्ति नभएमा बैंकबाट ऋण काढेर भए पनि विदेश पठाउन सकेमा आफ्नो जिम्मेवारी समाप्त भएको जस्तो मानसिकता बनाउने गरेका छन्। त्यस्तै विदेश जान चाहने विद्यार्थीहरू नेपालबाट बाहिर जान सकेको खण्डमा सम्पूर्ण लक्ष्य पूरा हुने र नेपालमा फर्किन आवश्यक नहुने जस्तो मानसिकता बोकेर हिँडिरहेका छन्। जसले गर्दा कक्षा १२ पछि विदेश जान तरखर गर्नेको संख्या अत्यधिक बढिरहेको छ।

यद्यपि नेपालबाट युवा विद्यार्थी अध्ययनका लागि भन्दै विदेश जाने भने पनि विदेशमा गएपछि पढ्ने विषय गौण बन्न थालेको छ। नेपाली विद्यार्थीहरू ठूलो रकम खर्चेर विदेश जानुपर्ने भएकोले पहिला उनीहरूको पहिलो ध्येय आफूले खर्च गरी गएको रकम छिटोभन्दा छिटो आर्जन गरी आफ्नो घर पठाउनेतर्फ केन्द्रित हुने गरेको छ। अर्कोतर्फ, नेपाली विद्यार्थीहरू अध्ययन गर्न गएका अधिकांश मुलुकमा हप्तामा निश्चित घण्टा मात्र काम गर्न पाउने नियम छ। जसका कारण उनीहरूलाई आफ्नो अध्ययन खर्च, जीवनयापनका लागि समेत आय आर्जन गर्नुपर्ने भएकोले पढाइ गौण बन्दै गएको देखिएको छ। जसले गर्दा उनीहरू कसरी त्यहाँको स्थायी बसोवास अनुमति (पी.आर) लिने भन्ने तर्फ केन्द्रित हुने भएकोले अध्ययन गर्नका लागि विदेश गएको विद्यार्थी नेपाल फर्किने सम्भावना अत्यन्त न्यून बन्दै गएको छ।

कुनै पनि मुलुकको युवा शक्ति भनेको त्यस मुलुकको सम्पत्ति र शक्ति हो। हिजोका दिनमा धेरै जनसंख्या भएका चीन र भारतजस्ता मुलुकमा अहिले भइरहेको औद्योगिक विकासले गर्दा उनीहरूको धेरै जनसंख्या ती मुलुकका लागि समस्या होइन, बरदान साबित भइरहेको छ। चाहे चीनले होस् या भारतले अरू मुलुकबाट श्रमिक आयात गर्नु परिरहेको छैन। चीनको कुरा गर्ने हो भने चीनले धेरै जनसंख्याकै कारण सस्तो र सुलभ रूपमा औद्योगिक उत्पादन गरी विश्व बजारमा आफ्नो बजार विस्तार गर्न सफल भएको थियो। चीनमा एक बच्चा मात्र जन्माउन पाउने नीतिका कारण अहिले चीनमा युवा जनसंख्या घट्दो क्रममा रहेकोले चीनले एक बच्चा मात्र जन्माउन पाउने नीतिमा परिमार्जन गरिसकेको छ। त्यसैगरी भारत अब केही वर्षमा संसारकै सबैभन्दा धेरै जनसंख्या भएको मुलुक चीनलाई उछिन्दै सबैभन्दा धेरै जनसंख्या भएको मुलुक बन्दै छ। भारतमा ६५ प्रतिशतभन्दा बढी जनसंख्या ३५ वर्षभन्दा मुनिका रहेका छन्। जुन एउटा औद्योगिक मुलुकका लागि ठूलो जनशक्ति हो। हिजोको जस्तो धेरै जनसंख्या औद्योगिक राष्ट्रका लागि समस्या होइन वरदान बन्न सक्छ।

नेपालको जनसंख्याको ४०.३ प्रतिशत जनसंख्या युवा जनशक्ति छ। यही युवा जनसंख्याको ठूलो हिस्सा अध्ययनको नाउँमा पलायन भइरहेको छ। पलायनको गतिले भोलिका दिनमा नेपालमा औद्योगिक क्रान्ति गर्नु परेको खण्डमा अथवा अन्य महत्वपूर्ण क्षेत्र पर्यटन र कृषि क्षेत्रको उन्नतिका लागि समेत जनशक्तिको अभाव हुने निश्चित छ। अर्कोतर्फ, विदेशमा पढ्न गएका विद्यार्थी अध्ययनको समाप्तिपछि पनि पुनः स्वदेशमा फर्किने गरेका छैनन्। यस्तो अवस्थाले भोलिको नेपालमा हरेक प्रकारका जनशक्तिको अभाव हुने देखिएको छ। जुन युवा जनसंख्या पलायनको अवस्थालाई दृष्टिगत गर्दा युवाशक्तिलाई कसरी नेपालमा टिकाइराख्ने भन्ने चुनौती खडा भएको छ। युवा शक्तिलाई नेपालमा टिकाइ राख्नका लागि राज्यले शिक्षा र स्वास्थ्यमा गम्भीर सुधार गर्नुपर्ने देखिन्छ। राज्यले शिक्षा र स्वास्थ्यलाई राष्ट्रभरि एकै पटक निःशुल्क गर्न सक्दैन भने क्रमशः निःशुल्क बनाउँदै लैजाने योजनासहित कार्य गर्न जरुरी भइसकेको छ।

अर्कोतर्फ विदेशमा गएका युवालाई आफ्नो मुलुकको धर्म, संस्कृति, परम्परा पूर्वीय सभ्यताको महत्वलाई जानकारी गराइ नेपाली हुनेमा गर्व गराउने वातावरण सिर्जना गर्न जरुरी छ। युवाशक्तिलाई नेपालप्रति आफ्नो जिम्मेवारी महसुस गराइ शिक्षित जनशक्तिलाई नेपाल फर्कने र फर्काउने वातावरण सिर्जना गर्न राज्यले पहल गर्नुपर्ने देखिन्छ। आफ्नो मुलुकमा रोजगारीका अवसरहरू सहज रूपमा प्राप्त हुने अवस्था भयो भने कोही पनि नेपाली अर्को मुलुकमा दुःख गर्ने र तेस्रो दर्जाको नागरिक भएर बस्न चाहने छैनन्। जसका लागि सरकारले स्पष्ट र स्पेसिफिक रूपमा पाँच वर्षमा सञ्चालनमा ल्याउन सक्ने उद्योगको स्थापनालाई द्रुततर गतिमा अगाडि बढाउन ढिला गर्नु हुँदैन। सौभाग्यवश, विश्वका ठूलो जनसंख्या भएका मुलुक चीन र भारत हाम्रा छिमेकी छन्।

यदि हामीले यी मुलुकको सहयोगमा उद्योगको स्थापना गर्ने हो भने बजार खोज्नु पर्ने छैन। साथै पर्यटन क्षेत्रको विकास गर्दै अगाडि बढ्ने र सबैभन्दा महत्वपूर्ण तर बेवास्ता गरिएको कृषि क्षेत्रमा आधुनिक प्रविधिसहित अगाडि बढ्ने हो भने नेपालमा रोजगारीका अवसर पर्याप्त मात्रमा खुल्न सक्ने छन्। रोजगारीका अवसर सिर्जना गर्ने नयाँ क्षेत्रको खोजी गरिएन र विदेशमा गएका विद्यार्थीलाई समेत आफ्नो मुलुकमा फर्काउने वातावरण बन्न सकेन भने भोलि नेपालले भयावह अवस्थाको सामना गर्नुपर्ने अवस्था देखिन्छ। युवा जनशक्ति पलायन हुने र नेपालमा वृद्ध मात्र रहने स्थिति आयो भने नेपालको अवस्था के होला ?

## बिमा लेख हरायो

अर्जुनधारा निवासी मिलन उप्रेतीको एल.आई.सी. इन्स्योरेन्स कम्पनीको २००००१९५८ नम्बरको पोलिसी पेपर अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा २०७९/०८/१० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला।

**मिलन उप्रेती**
**ठेगाना: अर्जुनधारा, झापा मो: ९८१३९००४७६**

## बिमा लेख हरायो

अर्जुनधारा निवासी मनराज उप्रेतीको एल.आई.सी. इन्स्योरेन्स कम्पनीको २००००१९१९ नम्बरको पोलिसी पेपर अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा २०७९/०८/१० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला।

**मनराज उप्रेती**
**ठेगाना: अर्जुनधारा, झापा मो: ९८१३९००४७६**

## बिमा लेख हरायो

अर्जुनधारा निवासी हिमादेवी उप्रेतीको एल.आई.सी. इन्स्योरेनस कम्पनीको २००००१९५७ नम्बरको पोलिसी पेपर अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा २०७९/०८/१० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला।

**हिमादेवी उप्रेती**
**ठेगाना: अर्जुनधारा, झापा मो: ९८१३९००४७६**


## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि. द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**कलवलगुरी कृषि सहकारी संस्था लि. परिवार**
भद्रपुर -१०, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि. द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

प्रकाश उप्रेती
अध्यक्ष
**हाम्रो मेलमिलाप कृषि सहकारी संस्था लि.**
भद्रपुर -२, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि.द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

रमेश पोखरेल, सचिव — मनोज लावती, उपाध्यक्ष — लयप्रसाद सिवाकोटी, अध्यक्ष
**बन्दी विकास पुस्तकालय परिवार**
भद्रपुर, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि.द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

इशुव पाण्डे
प्रिन्सिपल
**प्रज्ञा एकाडेमी परिवार**
भद्रपुर -१०, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि.द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

चुडामणि मैनाली
अध्यक्ष
**चन्द्रगढी दोस्रो खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**
भद्रपुर -९, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि. द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

समाजसेवी
**ऋषि चापागाई तथा परिवार**
भद्रपुर-१०, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि.द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**चन्द्रगढी टी इस्टेट परिवार**
भद्रपुर-१०, झापा

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि. द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

प्रवन्ध निर्देशक : गोपालबहादुर थापा
**मैनाचुली ह्युमपाईप उद्योग परिवार**
भद्रपुर -१०, देउनिया

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १५ औं वार्षिकोत्सव

बिर्तामोडबाट प्रकाशित नव संचार गृह प्रा.लि. द्वारा संचालित पूर्वको लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक १५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बधाई ज्ञापन गर्दै अझ बढी उन्नति प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

बालध्वज राइ, सचिव — ऋषि चापागाइ, अध्यक्ष
**अपाङ्ग संघ झापा परिवार**
भद्रपुर, झापा


## आजको राशिफल

**मेष**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। कला र गलाको प्रभाव बढ्नेछ।

**वृष**: एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ।

**मिथुन**: लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। कार्य सम्पादनमा सहजता मिल्नेछ।

**कर्कट**: आज मनमा दुबिधा उत्पन्न हुनेछ। दिनको उत्तरार्धमा धन खर्च बढ्नेछ।

**सिंह**: अतिथिका रूपमा सम्मान पाइनेछ। आत्मिक सन्तुष्टि मिल्नेछ।

**कन्या**: परिवारजनको साथले नयाँ आशा पलाउनेछ। इनाम र प्रतिष्ठा कमाउने

**तुला**: बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। शुभकार्यको चर्चा चल्नेछ।

**वृश्चिक**: मेहनतीहरूका लागि दिन फलदायी नै रहनेछ। गरेको काममा ढिलासुस्ती हुनेछ।

**धनु**: सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ।

**मकर**: पारिवारिक सद्भाव बढ्नेछ। नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ।

**कुम्भ**: आज इच्छा र आकाङ्क्षा पूर्ण हुने भएको छ। मनमा हर्ष छाउनेछ।

**मिन**: आज मनमा चञ्चलता बढ्नाले गलत निर्णय लिन पुगिएला सचेत रहनुहोला।